नयाँ खबरको शुरुवात

# कामना खबर

Kamana Khabar Weekly साप्ताहिक

वर्ष : ३ ✸ अंक : ३६ ✸ २०८३ साल, जेठ ६ गते बुधबार, ✸ Wednesday 20 May., 2026 ✸ मूल्य रु. ५/- ✸ पृष्ठ : ६

## नवनियुक्त प्रधानन्यायाधीश डा. मनोज शर्माले पद तथा गोपनीयताको शपथ लिएसँगै पदभार ग्रहण





काठमाण्डौ । सर्वोच्च अदालतको प्रधान न्यायाधीशमा डाक्टर मनोज शर्मा नियुक्त भएका छन् । नियुक्ति भएसँगै शर्मालाई शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलले शपथ गराएका हुन् । शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहाय यादव, प्रधानमन्त्री बालेन शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहाल लगायत उच्च पदस्थ व्यक्तिहरूको सहभागिता रहेको थियो । प्रधान न्यायाधीश शर्माले मङ्गलबार नै पद बहाली गरेका छन्। नियुक्ति हुनु अघि प्रधान न्यायाधीश शर्माको संसदीय सुनवाई समिति मा सुनुवाई भएको थियो । सुनवाई शर्मामाथि १६ वटा उजुरी परेका थिए। सुनवाईका क्रममा उजुरीहरूको बारेमा सुनुवाई समितिका सदस्यहरूले डाक्टर शर्मासँग जिज्ञासा समेत राखेका थिए ।

## राज्यविरुद्धको कसूरमा र विद्युतीय अपराध मुद्दामा दुर्गा प्रसाईंलाई पर्सा जिल्ला अदालतबाट म्याद थप

वीरगञ्ज । दुर्गा प्रसाद प्रसाई लाई विद्युतीय अपराध तथा राज्यविरुद्धको कसूर सम्बन्धी आरोपमा पर्सा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक नैतिकता, शिष्टाचार र सामाजिक सद्भावविरुद्ध असर पर्ने अभिव्यक्ति दिएको आरोपमा प्रसाईलाई नियन्त्रणमा लिइएको हो। प्रहरीका अनुसार प्रसाईले विभिन्न जातजाति तथा सम्प्रदायबीचको सुमधुर

(बाँकी पाँच पेजमा)

## बारामा तेस्रोलिङ्गी समूहको प्रदर्शन, तीन जना नियन्त्रणमा

बारा । जिल्ला प्रहरी कार्यालय कलैया अगाडि प्रदर्शन गर्ने तीन जना तेस्रोलिङ्गीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । रौतहटको दवाही गोनाही गाउँपालिका ५ की २६ वर्षीया दिव्या रानी, बाराको जीतपुरसिमरा उपमहानगरपालिका ८ की २५ वर्षीया निशा भारती र ५७ वर्षीया निशा देवीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार महमद सरिफ मियाँ भाँडको जाहेरीका आधारमा दर्ता भएको अभद्र व्यवहार मुद्दाको अनुसन्धानका क्रममा खुश्बु भन्ने अफजल मियाँ दर्जीलाई न्यायिक हिरासतमा राखिएको थियो ।



उक्त व्यक्तिलाई रिहा गर्नुपर्ने माग गर्दै सोमबार बिहान तेस्रोलिङ्गी समूहले प्रहरी कार्यालय अगाडि सडक अवरोध गर्दै अर्धनग्न भएर प्रदर्शन गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार प्रदर्शनकारीहरूले सडक अवरुद्ध पार्नुका साथै सर्वसाधारण र सवारी साधनको आवागमनमा समेत अवरोध पुर्‍याउँदै होहल्ला गरेका थिए । प्रहरी टोलीले सम्झाउने प्रयास गर्दा

(बाँकी तीन पेजमा)




## डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिन :

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

वडा समितिको कार्यालय
जीतपुरसिमरा उपमहानगरपालिका
वडा नं १४, रजघट्टा, बारा

प्रकाशक
श्री रिम मिडिया एण्ड स्कील प्रा.लि.

अध्यक्ष / सम्पादक
चन्द्रलाल पौडेल

सह-सम्पादक
श्रीराम रेग्मी

कार्यालयः जीतपुरसमरा उपमहानगरपालिका वडा नं. २, बारा
मोबाईल नं. ९८५५०२२५४७
इमेल ठेगानाः kamanakhabar@gmail.com
Website : www.kamnakhabar.com
Facebook page : kamana khabar
मुद्रकः के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगंज-१३, पर्सा

## सम्पादकीय.........

# एसईईको परीक्षा चैतमा लिएर वैशाखमा रिजल्ट निकाल्नुमा राष्ट्रिय परीक्षा बोर्ड बन्यो धन्यवादको पात्र

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको विवरणअनुसार यस वर्ष परीक्षामा सहभागी कुल ४ लाख ३० हजार ६ सय ६७ विद्यार्थीमध्ये ६५.९८ प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गर्न सफल भएका छन् । परीक्षा बोर्डका अनुसार कुल २ लाख ८४ हजार १६० जना विद्यार्थीहरू ग्रेड प्राप्त भएका छन् भने १ लाख ४६ हजार ५०७ जना विद्यार्थीहरू 'नन–ग्रेडिङ' मा परेका छन् ।

सबैभन्दा धेरै विद्यार्थी २.८० देखि ३.२० जीपीए समूहमा रहेका छन् । ३.६० देखि ४ जीपीएसम्म ल्याउने ४८३९२ जना छन् । त्यसैगरी अघिल्लो वर्ष एसइइ २०८१ मा करिब ६१.८१% विद्यार्थी पास (ग्रेडेड) भएका थिए । परीक्षामा सहभागी कुल परीक्षार्थी ४,३८,८९६ मध्ये २,७१,२९९ पास (ग्रेड प्राप्त) भएकाथिए भने १,६७,५९७ 'नन-ग्रेडिङ' मा परेका थिए । गत वर्षको भन्दा यश बर्ष विद्यार्थी उत्तीर्ण हुनेको संख्या ४.१४ प्रतिशतले बढेको छ । गतवर्ष केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरेर असारको अन्तिम साता नतिजा प्रकाशित गरिएको थियो भने यस वर्ष परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरेर बोर्डबाट वैशाखको अन्तिम साता नतिजा प्रकाशित गरिएको छ ।

उत्तरपुस्तिका सम्बन्धित परीक्षा केन्द्रमा जाँच गरेर पठाउँदा परिणाम निकाल्नमा छिटो छरितो भएको हो । यसले गर्न चाहेमा के हुँदैन भन्ने कुरालाई पुष्टि गरेको छ । उत्तरपुस्तिका सम्बन्धित परीक्षा केन्द्रमा परीक्षण गर्दा केही बाधा व्यवधान आएका हुनसक्छन ती सबै कुरालाई छिचोल्दै जुन ढङ्गबाट वैशाखको अन्तिम साता बोर्डले नतिजा प्रकाशित गर्न सफल भएको छ धन्यवादको पात्र छ ।

# औद्योगिक पूर्वाधार विकास पुनर्संरचना र लगानी प्राथमिकीकरण

**पदम ओली ▪**

नेपालमा उद्योग स्थापनाको इतिहास धेरै लामो छैन । सन् १८८२ मा उद्योग परिषद् स्थापना चन्द्रशमशेरको पालामा भए तापनि उनको शासन अवधिमा नेपालमा ब्रिटिस सरकारको लगानीमा स्थापना हुन खोजेको ग्लास उद्योगले अनुमति नपाएकोसम्म इतिहास देखिन्छ । यद्यपि लघु, घरेलु तथा हाते उद्योग लिच्छवीकालदेखि नै विकास भएका थिए । विक्रम सम्वत् २० को दशकमा विश्वव्यापी अर्थतन्त्रमा सोभियत संघ र अमेरिकी नेतृत्व देखापरेपछि सोभियत संघको समाजवादी मोडेलमा अघि बढेका देशहरूको लगानीमा नेपालमा पनि सार्वजनिक संस्थान स्थापनाको लहर सुरु भयो । जस अनुसार २०४६ साल अघिसम्म नेपालमा कुल ६४ वटा सार्वजनिक संस्थानमध्ये ४० वटा औद्योगिक क्षेत्र अन्तर्गत थिए । यसै समयमा नै नेपालमा निजी लगानीबाहेक सरकारी लगानीमा उद्योगहरू स्थापना भएका थिए । साथै, असंगठित रूपमा रहेको निजी क्षेत्रलाई व्यावसायिक रूपमा उद्योग क्षेत्रमा लगानी आकर्षित गर्न ११ वटा औद्योगिक क्षेत्र पनि स्थापना भए ।

मुलुकमा उद्योगधन्दा स्थापना गर्ने उद्देश्य सहित भारतको सीमा क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । उद्योगका लागि चाहिने कच्चापदार्थ भारतबाट ल्याउन, उत्पादन गर्न र बिक्री गर्न सजिलो होस् भनेर सीमा क्षेत्रमा तत्कालीन चार विकास क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । २०१९ सालमा अमेरिकी सरकारको लगानीमा औद्योगिक क्षेत्र निर्माण सुरु भएपछि २०४४ सालमा भारत सरकारको लगानीमा गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र निर्माण भएपछि नेपालमा औद्योगिक क्षेत्र स्थापना भएको छैन ।

२०१९ सालमा अमेरिकी सरकारको लगानीमा औद्योगिक क्षेत्र निर्माण सुरु भएपछि २०४४ सालमा भारत सरकारको लगानीमा गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र निर्माण भएपछि नेपालमा औद्योगिक क्षेत्र स्थापना भएको छैन ।

निजी उद्योग एकीकृत रूपमा भौतिक पूर्वाधार सुविधा दिई उद्योग प्रवर्द्धन गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात वृद्धि, स्थानीय सिप र साधन परिचालन, रोजगारी सिर्जना गर्दै उद्योग प्रवर्द्धन एर्व विकासमा योगदान पुर्‍याउने उद्देश्यले स्थापना गरिएका औद्योगिक क्षेत्रलाई २०४५ सालमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका रूपमा कम्पनी मोडेलमा सञ्चालन गर्ने गरी कानुनी प्रबन्ध गरिएपछि सरकारको नयाँ औद्योगिक क्षेत्र स्थापना तथा साविकका औद्योगिक क्षेत्र स्तरोन्नति गर्ने सम्बन्धमा त्यति महत्त्व दिइएको देखिँदैन ।

तथापि, २०७२ देखि २०७५ सालसम्म एक प्रदेश एक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार सात वटा औद्योगिक क्षेत्र घोषणासम्म भएका छन् । ती औद्योगिक क्षेत्र पनि स्थानीय र वनसँगको समस्याका कारण अघि बढ्न सकेका छैनन् र समस्या समाधानका लागि केन्द्रीय स्तरबाट पहलको कमीको कारण समस्या यथावत नै छन् । तर, सरकारले नेपालको साविकको औद्योगिक नीति २०४९ र औद्योगिक व्यवसाय ऐन २०४९ ले आत्मसात गरे अनुसार २०६५/६६ देखि नेपालमा सेज स्थापनाको योजना अघि बढाएको थियो । विश्वमा विशेष आर्थिक क्षेत्र सन् १९३२ मा अमेरिकाको न्युयोर्कमा 'फ्रि ट्रेड जोन' का रूपमा स्थापना भई सुरु भए तापनि नेपालमा यो अवधारणा पनि निकै ढिलो सुरु भएको देखिन्छ । त्यसपछि नेपालमा विशेष आर्थिक क्षेत्र प्राधिकरण अन्तर्गत २ वटा सेज सञ्चालनमा छन् भने १८ वटा प्रस्तावित सेजमध्ये २ वटा बाहेक अन्यमा कुनै प्रगति भएको देखिन्न । यद्यपि, २०४४ सालसम्म स्थापना भएका औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत सञ्चालित औद्योगिक क्षेत्र पनि कुनै न कुनै हिसाबले विशेष आर्थिक क्षेत्रको अवधारणासँग मेल खाएको देखिन्छ ।

औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रले एकीकृत रूपमा सेवा प्रदान गर्न पूर्वाधार निर्माण गरे झैं २०७२ सालपछि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने उद्देश्यले ७ सय ५३ स्थानीय तहमध्ये १ सय २० औद्योगिक ग्राम घोषणा भएका छन् । तीमध्ये ४ वटा मात्र आंशिक सञ्चालनमा छन् । यी औद्योगिक ग्राममा हालसम्म सरकारको करिब डेढ अर्ब रुपैयाँ खर्च भइसकेको देखिन्छ । यसबाहेक सरकारले निजी उद्योगमा पुग्न पहुँचमार्ग निर्माण तथा विद्युत् प्रसारण लाइन निर्माणमा पनि बजेट विनियोजन गर्ने गरेको छ । यसरी गरिएको लगानीको हालसम्मको रकम र त्यसको प्रतिफल सम्बन्धी एकीकृत जानकारी पनि सायदै भेटिन्छ ।

इतिहासदेखि वर्तमानसम्म हेर्दा नेपालमा सरकारका तर्फबाट उद्योग प्रवर्द्धन गर्न तथा असंगठित निजी क्षेत्रलाई एकीकृत संरचनामा सञ्चालन गर्न/गराउन तथा असंगठित रूपमै पनि सरकारका तर्फबाट उद्योगलाई राहत उपलब्ध गराउन खोजिएको देखिन्छ । तथापि, २०४४ सालसम्म स्थापना भएका औद्योगिक क्षेत्रबाहेक अन्य लगानीबाट सरकारले यथेष्ठ प्रतिफल लिन नसकेको देखिएको छ । छरिएर गरिएको लगानी, लगानीमा प्राथमिकीरण र सरकारले औद्योगिक पूर्वाधारमा पुनर्संरचना गरी विश्वव्यापी अवधारणा मध्यनजर गरी पूर्वाधार निर्माण गर्नु नै अबको विकल्प देखिन्छ ।

## औद्योगिक पूर्वाधार विकासमा पुनर्संरचना

विगतदेखि वर्तमान हेर्दा नेपालमा औद्योगिक पूर्वाधार सरकारी तहबाट र निजी क्षेत्रबाट निर्माण भइरहेका छन् । पूर्णरूपमा सरकारी तहबाट पूर्वाधार निर्माण भई सरकारी तहबाटै सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम छन् भने निजी क्षेत्रबाट निर्माण हुने पूर्वाधारसम्म पहुँच सडक र विद्युत् प्रसारण सरकारी क्षेत्रको लगानमा निर्माण भइरहेका छन् । यसमध्ये सरकारका तर्फबाट निर्माण र सञ्चालन हुने पूर्वाधारतर्फ हेर्ने हो भने सरकारले गरेको लगानी र अपेक्षित प्रतिफल प्राप्त भएको देखिन्न । यसको कारण खोजी हुनपर्नेमा हामी निरन्तर लगानी बढाउँदै गइरहेका छौं तर समीक्षा गरिरहेका छैनौं । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत १० औद्योगिक क्षेत्र सञ्चालनमा छन् । तीमध्ये सप्तरीस्थित गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रबाहेक सबै पूर्ण क्षमतामा चलिरहेका छन् भने हेटौंडा, काठमाडौं उपत्यकामा रहेका औद्योगिक क्षेत्र र बुटवल जस्ता औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि अत्यधिक माग छ । यसबाहेक बाँकेमा उद्योगहरूले औद्योगिक क्षेत्रभित्र स्थान अभावका कारण बाहिर निजी जमिन खरिद गरेर उद्योग स्थापना गरिरहेका छन् । २०७२ सालपछि घोषणा भएका औद्योगिक क्षेत्र निर्माण हुन सकेका छैनन् जसमध्ये कतिपय औद्योगिक क्षेत्र माग र आवश्यकताका आधारभन्दा घोषणापछि आवश्यकता स्थापित गर्न खोजिएका छन् ।

यसमा नेपाल सरकारको माथिल्लो निकायबाट गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रमा रहेका विद्यमान सुरक्षा र भन्सार तथा औद्योगिक पूर्वाधारसँग सम्बन्धित विषय सम्बोधन गरेर पूर्ण सञ्चालनमा ल्याउन आवश्यक छ भने अन्य घोषणा भई निर्माण हुन नसकेका औद्योगिक क्षेत्रमध्ये अनुपयुक्त स्थान घोषणा रद्द गर्ने तथा अन्य स्थानमा रहेका विद्यमान समस्या समाधान गरी औद्योगिक क्षेत्र निर्माण कार्य अघि बढाउँदा औद्योगिक क्षेत्र निर्माण कार्यले गति लिन सक्छ । यसका साथै कतिपय स्थानमा औद्योगिक क्षेत्रको आवश्यकता हुँदा पनि कुनै प्रक्रिया थालनी नभएको हुँदा ती स्थानमा सम्भाव्यता अध्ययन सहित काम अघि बढाउन सकिन्छ । विशेष आर्थिक क्षेत्रका हकमा हालसम्म १८ स्थानमा प्रस्ताव गरिएका छन् । तीमध्ये कतिपय स्थान पहाडी तथा हिमाली जिल्लामा पनि छन् । विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले ३० प्रतिशत उत्पादन अनिवार्य निर्यात गर्न जरुरी छ । यस किसिमको प्रावधानबीच प्रस्ताव गरिएका हिमाली तथा पहाडी र कतिपय तराई क्षेत्रका स्थानमा सेज स्थापना गर्दा उत्पादनका लागि कच्चापदार्थ आयात तथा उत्पादित वस्तु निर्यात गर्न भन्सार तथा अन्य आयात/निर्यातका लागि आवश्यक पूर्वाधारको अवस्था पनि मध्यनजर गर्न आवश्यक छ ।

प्रस्ताव गरिएका हिमाली तथा पहाडी र कतिपय तराई क्षेत्रका स्थानमा सेज स्थापना गर्दा उत्पादनका लागि कच्चापदार्थ आयात तथा उत्पादित वस्तु निर्यात गर्न भन्सार तथा अन्य आयात/निर्यातका लागि आवश्यक पूर्वाधारको अवस्था पनि मध्यनजर गर्न आवश्यक छ । त्यस्तै विशेष आर्थिक क्षेत्र निर्यात प्रवर्द्धनका लागि स्थापना हुने भएको हुँदा यस किसिमको संरचना सीमानाका, त्यसमा पनि अन्तर्राष्ट्रिय स्तरको निर्यात गर्न सकिने स्थानमा मात्र स्थापना गरी लगानी गर्दा लगानीको उचित प्रतिफल प्राप्त हुन सक्छ । यसबाहेक ७० प्रतिशत उत्पादन स्वदेशी बजारमै खपत हुँदा त्यस्तो उत्पादनको दर अन्य औद्योगिक क्षेत्र र निजी लगानीको जमिनमा सञ्चालित उद्योगबाट उत्पादन हुने दरसँग कति मिल्दो रहन जान्छ भन्ने पनि ख्याल गर्न आवश्यक छ ।

यसका साथै नेपाल सरकारले एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने नीति अनुसार १ सय २० औद्योगिक ग्राम घोषणा गरिसकेको छ । सरकारको नीति अनुसार अझै ६ सय ३३ औद्योगिक ग्राम घोषणा हुनै बाँकी छ । घोषितमध्ये जम्मा ४ वटा त्यो पनि आंशिक सञ्चालन भइरहेको अवस्थामा ६ सय ३३ को अवस्था कस्तो रहला भन्ने अहिले नै आकलन गर्न सकिने अवस्था छैन । यद्यपि, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने, उद्यमी बनाउन उत्प्रेरणा गर्ने लगायत कार्यमा औद्योगिक ग्रामको

(बाँकी तीन पेजमा)

कामना खबर
Kamana Khabar Weekly साप्ताहिक


## औद्योगिक पूर्वाधार .......

ज्यादै महत्त्व हुन्छ । तर, नेपाल सरकारले घोषणा गर्ने र ३ करोडसम्म रकम अनुदान दिने व्यवस्था अनुसार स्थानीय सरकारले खोला किनार, जंगल आदिमा औद्योगिक ग्राम घोषणा गराइ संघीय सरकारबाट निकासा भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गरेका कारण आज औद्योगिक ग्राम नामभन्दा बदनाम बढी हुन पुगेको छ ।

साथै, सरकारको नीति अनुसार ७ सय ५३ वटै पालिकामा उद्योग स्थापना हुने तथा आर्थिक गतिविधि सम्भावना नरहने भएका कारण औद्योगिक ग्राम एकभन्दा बढी पालिकाको पहुँच रहने स्थानमा एकभन्दा बढी पालिकाको संयुक्त लगानीमा स्थापना गर्ने वा कतिपय जिल्लामा त जिल्लामै एउटामात्र औद्योगिक ग्राम स्थापना भई सञ्चालन गर्दा पनि उपयुक्त हुन जान्छ। हाल सरकारका निकायमध्ये एकै प्रकृतिको कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतकै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, विशेष आर्थिक क्षेत्र प्राधिकरण र मन्त्रालय स्वयंबाटै कार्यान्वयन भइरहेको छ। एकै मन्त्रालय अन्तर्गत एकै प्रकृतिको कार्य सञ्चालन भइरहँदा त्यसले एकातिर एकै प्रकृतिको कार्यमा बजेट विनियोजन र सञ्चालनमा विभेद देखिन्छ भने अर्कातिर एकै प्रकृतिको कार्य विभिन्न निकायबाट हुँदा सेवाग्राही र जनतामा ती निकायबाट हुने कार्य प्रकृतिमा अन्योल सिर्जना हुनुका साथै सञ्चालन खर्च पनि बढिरहेको छ ।

सामान्यतया छिमेकी देशमा हेर्ने हो भने विशेष आर्थिक क्षेत्र, आर्थिक क्षेत्र तथा साना तथा मझौला उद्योग क्षेत्र हेर्ने गरी निकाय गठन गरिएको पाइन्छ जसको कार्य प्रकृति एकअर्कासँग मेल खाँदैन । भारतमा केन्द्र सरकार र प्रदेश सरकारका भिन्न निकाय छन् भने बंगलादेशमा निर्यातका लागिमात्र विशेष आर्थिक क्षेत्र, स्वदेशमा पनि खपत गर्न आर्थिक क्षेत्र तथा अन्य किसिमका उद्योगका लागि साना तथा मझौला उद्योग क्षेत्र हेर्ने निकाय छन् । यद्यपि, ती देशमा स्थापना भएका उद्योग देशभरि जहाँसुकै स्थापना भए पनि निर्यात गर्दा निर्यात बापत सुविधा पाउने व्यवस्था छ भने विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले नितान्त निर्यातमात्र गर्नुपर्ने किसिमका प्रावधान पाइन्छ । यसरी हेर्दा नेपालको परिवेशमा जुन कुनै निकायमा स्थापना हुने उद्योग समान बजारमा प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था छ । यद्यपि, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले केवल ३० प्रतिशत निर्यात गरे पुग्ने व्यवस्था छ । यसरी हेर्दा नेपालको परिवेशमा जुन कुनै निकायमा स्थापना हुने उद्योग समान बजारमा प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था छ । यद्यपि, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले केवल ३० प्रतिशत निर्यात गरे पुग्ने व्यवस्था छ।

यस्तो अवस्थामा सरकारले नेपालजस्तो सानो औद्योगिक संरचना रहेको भूगोलमा एकै प्रकृतिको कार्य गर्न यसरी विभिन्न संरचना खडा गर्नुको सट्टा सबै संरचना गाभेर एउटै बनाउने र सोही संरचनाभित्रका विभिन्न इकाई मार्फत विभिन्न कार्य सञ्चालन गर्न सकिन्छ । यसमा उद्योग मन्त्रालयबाटै सञ्चालन भइरहेको औद्योगिक ग्रामलाई पनि यसै संरचनामा समावेश गर्न सकिने वा त्यसलाई सरकारले औद्योगिक ग्राम घोषणा र निर्माणका लागि निश्चित मापदण्ड तयार गरी सोही अनुसार मात्र घोषणा, निर्माण र सञ्चालन गर्न सक्ने गरी स्थानीय तहलाई नै पूर्ण जिम्मेवार बनाउन सकिन्छ। यद्यपि, स्थानीय तहले वा औद्योगिक ग्राम निर्माण गर्न जग्गाप्राप्ति गर्ने कार्यमा नयाँ बन्ने एकीकृत संरचनाले सहजीकरण गरिदिनुपर्ने व्यवस्था गर्न सकिन्छ ।

त्यस्तै मन्त्रालय मार्फत पहुँच सडक वा विद्युत् प्रसारण लाइन निर्माण गरी निजी जमिनसम्म पूर्वाधार निर्माण नगरी त्यस किसिमका उद्योगलाई पनि औद्योगिक क्षेत्रभित्र स्थापना हुने र सञ्चालन हुने वातावरण निर्माण गर्नुपर्छ ।

**औद्योगिक पूर्वाधारमा लगानी प्राथमिकीकरण**

सरकारको विशेषगरी पछिल्ला केही दशकमा औद्योगिक पूर्वाधारमा गरेको लगानीको पाना पल्टाउने हो भने अधिकांश बजेट पहुँच सडक, विद्युत् प्रसारण लाइन निर्माण, विशेष आर्थिक क्षेत्र संरचना, आंशिक रूपमा औद्योगिक क्षेत्रको जग्गाप्राप्ति र अध्ययन र औद्योगिक ग्रामको प्रतिफलविहीन संरचना निर्माणमा खर्च भएको पाइन्छ। यसरी छरिएर हुने लगानीमा आजसम्म अपेक्षित रूपमा न त कुनै पहुँच सडक र विद्युत् प्रसारण लाइन निर्माणले ठूलो उद्योग सञ्चालन भएका छन्, न कुनै विशेष आर्थिक क्षेत्रमा पूर्णरूपमा भौतिक संरचना निर्माण भएका छन्, न कुनै नयाँ औद्योगिक क्षेत्रको कार्य सुरु वा सम्पन्न भएको छ । यसरी छरिएर खर्च हुने बजेटलाई सरकारले एकीकृत गरी खानी पहुँच मार्ग वा पहुँचमार्ग तथा विद्युत् प्रसारण लाइन निर्माणमा निकै ठूलो लगानी लाग्ने अवस्था बाहेक अन्य उद्योगलाई उद्योग स्वयंले त्यस किसिमका संरचना निर्माण गर्ने र त्यसरी संरचना निर्माण गर्दा लागेको खर्च उद्योग सञ्चालनपछि तिर्ने कर वा उद्योगको मेसिन वा कच्चापदार्थ ल्याउँदा लाग्ने करमा समायोजन गर्न सकिन्छ । यसले सरकारको स-साना पूर्वाधार निर्माणमा सिर्जना हुने दायित्व घटाउँछ भने त्यस्ता पूर्वाधार निर्माण गर्न विनियोजन हुने बजेट दुरुपयोग हुनबाट पनि जोगाउँछ ।

त्यसैगरी औद्योगिक ग्राममा सरकारले लगानी नगर्ने तर निश्चित मापदण्ड तयार गरी सोही अनुसार स्थानीय तहलाई नै लगानीका लागि जिम्मेवार बनाउन जरुरी हुन्छ । कारणवश कुनै स्थानीय तहलाई औद्योगिक ग्रामका लागि बजेट आवश्यक भए उक्त बजेट स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदान वा ससर्त अनुदानमा समावेश गरेर दिन सकिने व्यवस्था गर्नुपर्छ । यसले औद्योगिक ग्रामका लागि विनियोजन हुने बजेट स्थानीय तहले अनावश्यक बाटो खनेर वा जंगल वा भीरमा पर्खाल लगाएर सकाउने प्रवृत्ति रोक्छ । यसबाहेक विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड गाभेर एउटै संरचना तयार गरी यस मार्फत यस्ता काम गर्न सकिन्छ :

– हाल सेज र औद्योगिक क्षेत्रमार्फत सञ्चालित औद्योगिक क्षेत्रभित्रको सेवा र सुविधा समान बनाउने ।

– देशका विभिन्न औद्योगिक क्षेत्र सञ्चालन हुन सक्ने स्थानमा ठूला औद्योगिक क्षेत्र निर्माण गरी असंगठित रूपमा रहेका उद्योगलाई त्यस्ता औद्योगिक क्षेत्रमा स्थापना हुने वातावरण निर्माण गर्ने ।

– देशका जुनसुकै स्थानमा सञ्चालन भएको उद्योगले आफ्नो उत्पादन निर्यात गरे हाल सेजमा उपलब्ध भइरहेको वा त्यसलाई संसोधन गरी तय हुने सुविधा उपलब्ध गराउने ।

– पहिलो लक्ष आयात प्रतिस्थापन गर्ने र निश्चित मात्रामा आयात प्रतिस्थापन पश्चात निर्यात प्रशोधन क्षेत्रका रूपमा भविष्यमा अझ थप सुविधा सहित भौतिक पूर्वाधार सहित निर्यात प्रशोधन केन्द्र सञ्चालन गर्ने । यसरी औद्योगिक पूर्वाधार निर्माण कार्यलाई पुनर्संरचना गरेको खण्डमा देशभित्र स्थापना हुने सबै उद्योगलाई सहज र समान अवसर उपलब्ध हुन सक्छ भने सरकार र सरकारका निकाय मार्फत औद्योगिक पूर्वाधारमा हुने लगानीको सही र समयमै प्रतिफल प्राप्त हुन सक्छ। ( लेखक ओली औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक हुन् ।) (साभार-अनलाइनखबर)

## बारामा तेस्रोलिङ्गी..........

प्रदर्शनकारीहरूले प्रहरीमाथि गालीगलौज, अपशब्द प्रयोग तथा हातपात गर्ने प्रयास गरेको बाराका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए । शान्ति सुरक्षामा खलल पुगेपछि प्रहरी वरिष्ठ नायब निरीक्षक विनोद राना मगरको नेतृत्वमा खटिएको टोलीले तीन जनालाई नियन्त्रणमा लिएको हो । घटना सम्बन्धि थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# रौतहटमा एचआइभी सङ्क्रमितको संख्या चार सय २५ पुग्यो




रौतहट । रौतहटमा एचआइभी/एड्स सङ्क्रमितको संख्या चार सय २५ पुगेको छ । जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकअनुसार हाल जिल्लाभर चार सय २५ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको हो। स्वास्थ्य कार्यालय प्रमुख राजेश सिंहका अनुसार पहिचान भएका यी सबै सङ्क्रमितहरूले हाल नियमित रूपमा एन्टिरेट्रोभाइरल थेरापी ( एआरटी) सेवा लिइरहेका छन् । विगतमा वैदेशिक रोजगारीबाट फर्किनेहरूमा यो समस्या बढी देखिने गरेको भए तापनि हाल जिल्लामै कार्यरत चालक, प्रहरी तथा मजदुर वर्गमा सङ्क्रमणको दर उच्च देखिएको छ। भौगोलिक वितरणका आधारमा जिल्लाका १८ वटै स्थानीय तहमा सङ्क्रमितहरू भेटिएका छन्। एआरटी अधिकारी राजकुमार साहका अनुसार सबैभन्दा बढी राजपुर नगरपालिकामा ६३ जना सङ्क्रमित रहेका छन् । यसैगरी चन्द्रपुरमा ३७, गौर र इशनाथमा ३५-३५, तथा राजदेवी नगरपालिकामा २५ जना सङ्क्रमित फेला परेका छन् भने अन्य पालिकाहरूमा औसत २०-२० जनाका दरले सङ्क्रमित रहेका छन् । यस तथ्याक्तले जिल्लाको कुनै पनि क्षेत्र सङ्क्रमणको जोखिमबाट मुक्त नरहेको देखाउँछ। प्रादेशिक अस्पताल गौरका चिकित्सक शशी गुप्ताका अनुसार असुरक्षित यौन सम्पर्क, सङ्क्रमित रगतको प्रयोग, दूषित सुई-सिरिन्ज तथा सङ्क्रमित आमाबाट शिशुमा यो भाइरस सर्ने गर्दछ । उनले समयमै स्वास्थ्य परीक्षण गर्ने, नियमित उपचार पद्धतिमा बस्ने र सुरक्षित व्यवहार अपनाएमा सङ्क्रमणलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिने विश्वास व्यक्त गरेका छन् । यद्यपि, जनचेतनाको स्तर अझै सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# बि.चि.का.लि. ले उखु खेतीका लागि अधिग्रहित जग्गा फिर्ता गर्न माग गर्दै ज्ञापनपत्र बुझाइयो



बारा । विरगंज चिनीकारखाना प्रा.लि. को उखु खेतीका लागि अधिग्रहण गरिएको जग्गा फिर्ता गर्न माग गर्दै थारु भुमिअधिकार संघर्ष समिति बाराले जिल्ला प्रशासन कार्यालय बारामार्फत प्रधानमन्त्री समक्ष कडा ज्ञापनपत्र बुझाएको छ । समितिका अध्यक्ष मेहिलाल दास थारुको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई आज बुझाइएको ज्ञापनपत्रमा २०२१ सालको सरकारी निर्णयअनुसार भवानपुर, जितपुर, पिपरा सिमरा, फत्तेपुर, डुरवाना लगायत क्षेत्रका स्थानीयको करिब ८३३ बिघा जग्गा उखु बाली विकासका लागि अधिग्रहण गरिएको उल्लेख गरिएको छ ।

(बाँकी चार पेजमा)

अनाधिकृत रुपमा वनमा प्रवेश नगरौं,
बन्चरो, आरा जस्ता हतियार लिएर
वनमा प्रवेश गर्नु कानुनी अपराध हो।
वन संरक्षण गर्नु हामी सबैको दायित्व हो,
त्यसैले वन संरक्षणका लागि सबै एकजुट होऔं।
मुसहर्नीमाई मध्यवर्ती सामुदायिक वन समूह
सिमरा, बारा

कामना खबर
Kamana Khabar Weekly साप्ताहिक



# नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन

निजगढ। निजगढ नगरपालिका वडा नं. ९ को नवनिर्मित वडा कार्यालय भवनको एक कार्यक्रमबीच मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले उद्घाटन गर्नुभएको छ । मुख्यमन्त्री यादवले शिलापत्र अनावरण गर्दै कार्यालय भवनको उद्घाटन गर्नुभएको हो। वडा अध्यक्ष रामचन्द्र कटुवाल क्षेत्रीको अध्यक्षतामा भएको सो कार्यक्रमको विशिष्ट अतिथिमा मधेश प्रदेश कृषि मन्त्री श्याम पटेल, सभासद मिना लामा, निजगढ नगरपालिकाका नगर प्रमुख सुरथ पुरी, जिल्ला समन्वय समिति बाराका उपसभापति चण्डिका उप्रेती, नगरपालिकाका उपप्रमुख, सोममाया थिङलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी कार्यक्रममा निजगढका पूर्वनगर प्रमुख सुरेशकुमार खनाल, पूर्वउपप्रमुख लिलादेवी लामिछाने खनाल, निजगढका विभिन्न वडाका वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलगायत विभिन्न राजनीतिक



दलका प्रमुख तथा प्रतिनिधिहरू, सुरक्षाकर्मी, सञ्चारकर्मी, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा वडा कार्यालय भवन निर्माणका लागि २ कठ्ठा जग्गा उपलब्ध गराउने स्थानीय तिर्थबहादुर लामा बोम्जनसहित वडामा ८० वर्षभन्दा माथि उमेरका ८७ जना जेष्ठ नागरिकहरूलाई मुख्यमन्त्री यादव र नगर प्रमुख पुरीले दोसल्ला ओडाएर सम्मान गरेका थिए ।

साथै जेनजी आन्दोलनको क्रममा आगजनीबाट नष्ट भएपछि वडा कार्यालयमा फर्निचर लगायत अन्य उपकरण उपलब्ध गराउने एक दर्जनभन्दा बढी सहयोगी दाताहरूलाई समेतलाई सम्मान पत्रले सम्मान गरिएको थियो । वडा अध्यक्ष कटुवालले मुख्यमन्त्री यादव र कृषि मन्त्री पटेललाई १/१ घरी हरियो केरा माया चिनो उपहार प्रदान गर्नुभएको थियो। सोही कार्यक्रममा कृषि ज्ञान केन्द्र बाराले केरा जोन निजगढलाई केराबालीमा झोल मल र विषधि छर्कन सहयोग गरेको ड्रोनको पनि प्रदर्शन गरिएको थियो । कार्यक्रममा विद्यासागर ईङलिस बोर्डिङ र होली एन्जल्स ईङलिस बोर्डिङ स्कुलको विद्यार्थीहरूद्वारा सांस्कृतिक नृत्य प्रस्तुति गरिएको थियो। यसैबीच आज नै मुख्यमन्त्री यादवले निजगढ ९ कै गौरीशंकर क्याम्पसमा निर्माण हुने योगशाला र पुस्तकालयको पनि शिल्यान्यस गर्नुभएको छ । मधेस प्रदेश सरकारको सहयोगमा क्याम्पस परिसरमा योगशाला निर्माण हुन लागेको हो भने ०६६ सालमा क्याम्पसले लगाएको महायज्ञमा बोलकबोल गरेको दान रकम खर्चेर निजगढका पूर्व नगर प्रमुख सुरेश खनाल आफ्नी स्वर्गीय माता राधादेवी खनालको स्मृतिमा पुस्तकालय भवन निर्माण गर्न लाग्नुभएको हो ।

# नक्कली ट्रेडमार्कको प्रयोग गरी बस्तु उत्पादन तथा बिक्री तत्काल रोक्न आदेश

बारा । जीतपुरसिमरा उपमहानगरपालिकास्थित नन्दन घ्यू एण्ड आयल इण्डष्ट्रिज प्रा.लि. ले अर्को कम्पनीको ट्रेडमार्क प्रयोग गरेकोभन्दै जिल्ला प्रशासन कार्यालय बाराले नक्कली ट्रेडमार्कको प्रयोग गरी बस्तु उत्पादन तथा बिक्री तत्काल रोक्न आदेश दिएको छ। कार्यालयले यही बैशाख २३ गते पठाएको पत्रमा उद्योग विभाग, कानून शाखा, त्रिपुरेश्वर काठमाडौंको पत्रअनुसार नन्दन घ्यू एण्ड आयल इण्डष्ट्रिज भारतस्थित अडानी विलमर लिमिटेडकोतर्फवाट अख्तियार प्राप्त पायोनियर ल एसोसिएट्स प्रा.लि.को नाममा दर्ता रहेको ँइच्त्गल्भ नामक ट्रेडमार्कको नक्कल गरी आफ्नो




नाममा दर्ता भएकोभन्दा फरक UTURE नामक ट्रेडमार्क प्रयोग गरेर वस्तु उत्पादन तथा बिक्री वितरण गरेको देखिएकोले सो कार्य नगर्न भनेको हो ।

जिल्ला प्रशासन कार्यालयले सो सम्बन्धमा परेको उजुरीको अन्तिम किनारा नलागेसम्मको लागि उक्त कार्य तत्काल रोक्न आदेश दिएको हो। जिल्ला प्रशासन कार्यालय बाराका प्रशासकीय अधिकृत दिपेन्द्रप्रसाद यादवको हस्ताक्षरमा कम्पनीको नाममा पठाएको पत्रमा पछि ठहरे बमोजिम हुने हुँदा हाललाई विपक्षीले ग्त्गचभ् नामक ट्रेडमार्क प्रयोग गरी वस्तु उत्पादन तथा बिक्री वितरण नगर्न नगराउन भनिएको छ। पत्रमा मुलुकी देवानी कार्याविधि संहिता, २०७४ को दफा १५६ बमोजिम विभागबाट विपक्षीको नाउँमा चैत्र ११ गते अन्तरकालिन आदेश जारी भएको हुँदा घ्यू एण्ड आयल इण्डष्ट्रिजले पनि सोही

(बाँकी पाँच पेजमा)

## बि.चि.का.लि. ले ............

ज्ञापनपत्रमा तत्कालीन समयमा न्यून मुआब्जा दिई जबरजस्ती रूपमा जग्गा अधिग्रहण गरिएको र मोही तथा जोताहा किसानहरूलाई न उचित क्षतिपूर्ति दिइएको न रोजगारीको अवसर उपलब्ध गराइएको गम्भीर आरोप लगाइएको छ । किसानहरूले निजीकरण ऐन २०५० पछि २०५९/११/१६ मा चिनीकारखाना खारेज भइसके पनि अधिग्रहित जग्गा उद्देश्यअनुसार प्रयोग नभएको भन्दै जग्गा प्राप्ति ऐन २०३४ अनुसार फिर्ता हुनुपर्ने दाबी गरेका छन् । तर, कुनै सूचना वा जानकारी बिना नै जग्गा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा सारिएको उनीहरूको आरोप छ ।

ज्ञापनपत्रमा अधिग्रहणको समयमा भएको सम्झौताअनुसार चिनीकारखानाको प्रयोजन समाप्त भएपछि मोही किसानलाई जग्गा फिर्ता गर्नुपर्ने स्पष्ट व्यवस्था रहे पनि कार्यान्वयन नभएको उल्लेख गरिएको छ। किसानहरूले आफूहरू सुकुमबासी वा हुकुमबासी नभई भूमिपुत्र थारु मोही किसान भएको भन्दै जग्गाबाट विस्थापित गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने चेतावनी दिएका छन् । साथै, २०७६ सालमा सेजद्वारा जारी हकदाबी सूचना, संसदमा उठाइएका आवाज तथा सर्वोच्च अदालतका पुराना फैसलाहरूलाई समेत आधार बनाउँदै न्याय सुनिश्चित गर्न माग गरिएको छ।उक्त ज्ञापनपत्रको बोधार्थ राष्ट्रपति कार्यालय, गृह मन्त्रालय, सेज कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, विभिन्न दूतावास तथा स्थानीय तहहरूलाई समेत पठाइएको छ ।

जन्म , मृत्यृ, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौँ ।

निजगढ नगरपालिका कार्यालय
निजगढ

जन्म, मृत्यृ, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौँ ।

जन्म दर्ता गर्न आवश्यक कागजात

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

वडा समितिको कार्यालय
जीतपुरसिमरा उपमहानगरपालिका
वडा नं १६, संखुवाघाट, बारा

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भर्ना गराई नियमित रुपमा बिद्यालय पठाउ

परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा

जन्म, मृत्यृ, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौँ ।

कलैया उपमहानगरपालिकाको कार्यालय
कलैया, बारा

जन्म, मृत्यृ, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौँ ।

फतुवा बिजयपुर नगरपालिका
लक्ष्मीनिया, रौतहट

कामना खबर
Kamana Khabar Weekly साप्ताहिक



# सरकारी जग्गामाथिको अतिक्रमण हटाउने प्रक्रिया तीव्र



कलैया । बाराको कलैया उपमहानगरपालिका ४ स्थित कारागार शाखाको स्वामित्वमा रहेको सरकारी जग्गामाथिको अतिक्रमण हटाउने प्रक्रिया तीव्र पारिएको छ। वर्षौंदेखि अवैध रूपमा कब्जा गरिएका घरटहरा तथा संरचनामाथि स्थानीय प्रशासनले कडा रूपमा प्रस्तुत भएपछि अहिले केही अतिक्रमणकारीहरूले आफ्ना संरचना आफैँ हटाउन थालेका छन्।

कारागार शाखा कलैयाको स्वामित्वमा रहेका कित्ता नम्बर १०३, १०२ र ४४४ अन्तर्गतका सरकारी जग्गामा स्थानीय व्यक्तिहरू तथा भू–माफियाले स्थायी र अस्थायी संरचना बनाएर लामो समयदेखि प्रयोग गर्दै आएका थिए । जिल्ला प्रशासन कार्यालय बाराले गत चैत २६ गते एक सार्वजनिक सूचना जारी गर्दै एक महिनाभित्र सम्पूर्ण अवैध संरचना हटाउन निर्देशन दिएको थियो । प्रशासनले दिएको उक्त समयसीमा सकिएसँगै अहिले जग्गा खाली गराउने कामलाई थप तीव्रता दिइएको हो ।

अतिक्रमणकारीहरूले कुनै पनि कानुनी अनुमति वा सम्झौताविना नै सरकारी सम्पत्ति कब्जा गरेको पुष्टि भएपछि स्थानीय प्रशासन ऐनअनुसार यो कारबाही प्रक्रिया अघि बढाइएको प्रशासनले जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईका अनुसार प्रशासनको कडा चेतावनीपछि केही व्यक्तिहरूले अहिले स्वेच्छाले आफ्ना टहराहरू हटाउन थालेका छन् । यसैबीच जग्गाको अवस्था र संरचना हटाउने कार्यको अनुगमन गर्न आगामी सोमबार प्रशासन, नापी कार्यालय तथा सुरक्षाकर्मीको संयुक्त टोलीले पुनः स्थलगत निरीक्षण गर्ने तयारी गरेको छ। प्रशासनले निर्धारित समयसम्म पनि अटेर गरी संरचना नहटाइए डोजर प्रयोग गरेर भत्काइने र सो क्रममा लाग्ने सम्पूर्ण खर्चसमेत सम्बन्धित व्यक्तिबाटै असुलउपर गरिने चेतावनी दिएको छ ।

## पूर्वमन्त्री ....................

भन्दा मुद्दाका अरु प्रमाणाहरु विश्वसनीय देखेर त्यसको विवेचना सहित १६ पुसमा तत्कालका लागि थुनामा पठाउने आदेश गरेको थियो । पूर्वमन्त्रीहरु राजकुमार गुप्ता र रञ्जिता श्रेष्ठमाथि कास्कीका प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीलाई कास्कीमै थमौती गर्न ५३ लाख रुपैंया घुस लिएको आरोप थियो । भूमि आयोग कास्कीको अध्यक्षमा खम बहादुर पुनको नियुक्तिका लागि थप २५ लाख रुपैयाँ लेनदेनमा संलग्न भएको आरोपमा एकमुष्ट ७८ लाख रुपैयाँ बिगो मागदाबी अख्तियारले गरेको थियो । घुस दिएको आरोपमा सुजन लामामाथि पनि त्यति नै बिगो मागदावी सहित भ्रष्टाचार मुद्दा दायर भएको थियो ।

## तीन नम्बर ..............

थियो । अटेर गरेपछि बाध्य भएर डोजर चलाउनुपरेको हो' कुर्मीले भने । तर स्थानीय व्यवसायीहरूले भने आफूहरूमाथि राज्यले दमन गरेको आरोप लगाएका छन् । उनीहरूका अनुसार सडक विभागले दुई साताअघि सूचना जारी गरेपछि सडक सीमाभन्दा २५–२५ मिटर टाढा आफैं हटिसकेको अवस्थामा एक्कासि डोजर चलाइएको हो । झण्डै पाँच दशकदेखि बसोबास रहेको तीन नम्बर पुल क्षेत्र सवारी चालक र यात्रुहरूको विश्रामस्थलका रूपमा परिचित छ । उक्त क्षेत्रमा होटल व्यवसाय सञ्चालन हुँदै आएका थिए ।

## राज्यविरुद्धको ............

सम्बन्धमा खलल पुग्ने, कसैप्रति घृणा वा द्वेष फैलाउने तथा नेपाल सरकार र सरकारका कामकारबाहीप्रति निराधार, अप्रमाणित र अवहेलनापूर्ण अभिव्यक्ति दिएको आरोप लागेको छ । प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार मिति २०८३ साल जेठ ४ गते राति करिब ८ बजे वीरगञ्जस्थित सिद्धार्थ दियालो होटलबाट उनलाई पक्राउ गरिएको हो। जिल्ला प्रहरी कार्यालय पर्सा तथा मातहत वडा प्रहरी कार्यालय बिर्ताबाट खटिएको संयुक्त प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको जनाएको छ ।

प्रसाईंमाथि विद्युतीय ( इलेक्ट्रोनिक) कारोबार ऐन तथा राज्यविरुद्धको कसूर अन्तर्गत अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा पर्सा जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति लिइ आवश्यक अनुसन्धान कार्य जारी रहेको प्रहरीको भनाइ छ । प्रहरी विवरणअनुसार पक्राउ परेका प्रसाईं झापा जिल्लाको बिर्तामोड नगरपालिका–५ का स्थायी बासिन्दा हुन् । हाल भने उनी भक्तपुरको मध्यपुर ठिमी नगरपालिका–६ मा बसोबास गर्दै आएका छन्। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेत ले प्रेस विज्ञप्तिमार्फत घटनाबारे जानकारी दिएका हुन् । पछिल्लो समय सामाजिक सञ्जाल तथा सार्वजनिक कार्यक्रममा दिएका अभिव्यक्तिका कारण चर्चामा रहेका प्रसाईंलाई पक्राउ गरेपछि राजनीतिक तथा सामाजिक वृत्तमा समेत यस विषयले चर्चा पाएको छ। प्रहरीले भने अनुसन्धान निष्पक्ष र कानुनी प्रक्रियाअनुसार अगाडि बढाइएको जनाएको छ ।

## नक्कली ..................

बमोजिम अर्को आदेश नभएसम्म अर्को कम्पनीको ट्रेडमार्कसँग मिल्दो जुल्दो ट्रेडमार्क प्रयोग गरी वस्तु उत्पादन तथा विक्री वितरण नगर्न/नगराउनु हुन आदेशानुसार सूचित गरिएको जनाइएको छ ।

# ट्राफिक प्रहरी नायब उपरीक्षक (डिएसपी) वकिलबहादुर सिंहको सरुवा

सिमरा । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रवक्ता एवम् ट्राफिक प्रहरी नायब उपरीक्षक ( डिएसपी) वकिलबहादुर सिंहको सरुवा भएको छ । सिंहको प्रहरी वृत्त सातदोबाटोमा सरुवा भएको हो । उनी झण्डै १५ महिना अघि पथलैयास्थित प्रदेश ट्राफिक कार्यालयमा हाजिर भएका थिए। उनको स्थानमा डिएसपी नवराज न्यौपाने आउने भएका छन् । न्यौपाने काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा कार्यरत छन्। यसैगरी जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् डिएसपी बिजयराज पण्डितको पनि सरुवा भएको छ । पण्डितको मधेस प्रदेशका प्रहरी नायब महानिरीक्षक (डिआईजी) को सचिवालयमा सरुवा भएको हो । पण्डितको स्थानमा डिएसपी मिनबहादुर घले आउने भएका छन् । घले काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नं. २ महाराजगन्जमा कार्यरत छन्।

जन्म, मृत्यु, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

जन्म दर्ता गर्न आवश्यक कागजात

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

प्रसौनी गाउँपालिका
प्रसौनी, बारा

डेंगी नियन्त्रणका तीन उपाय




वडा समितिको कार्यालय
जीतपुरसिमरा उपमहानगरपालिका
वडा नं ५, बकुलिया, बारा

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भर्ना गराई नियमित रुपमा बिद्यालय पठाउ

जितपुरसिमरा उपमहानगरपालीका
६ नम्बर वडा कार्यालय
नगौल, बारा
मधेस प्रदेस,नेपाल

कामना खबर
Kamana Khabar Weekly साप्ताहिक


# सशस्त्र प्रहरीद्वारा अवैध सामानसहित मोटरसाइकल नियन्त्रणमा



बारा। बारामा सशस्त्र प्रहरीले करिब तीन लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हे.क्वा. बाराअन्तर्गत सीमा सुरक्षा गुल्म मटिअर्वा र बि.ओ.पी. बेनौलीबाट खटिएको टोलीले नियमित गस्ती तथा चेकजाँचका क्रममा भारतबाट भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा उक्त सामान बरामद गरेको हो। बरामद गरिएका सामग्रीहरूमा एक सय ९२ थान स्टिल जग, किराना सामान तथा अन्य विभिन्न घरायसी सामग्रीहरू रहेका छन् । प्रहरीका अनुसार बरामद सामानको अनुमानित बजार मूल्य करिब तीन लाख रुपैयाँ रहेको छ। अवैध सामग्री ओसारपसार गर्न प्रयोग गरिएको एउटा मोटरसाइकललाई समेत सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ। प्रवक्ता सशस्त्र प्रहरी नायव उपरीक्षक विक्रम मणि अधिकारीका अनुसार सीमाक्षेत्रमा हुने चोरीपैठारी, तस्करी तथा अवैध कारोबार नियन्त्रणका लागि सशस्त्र प्रहरीले नियमित रूपमा निगरानी, पैदल गस्ती र चेकजाँचलाई थप कडाइका साथ सञ्चालन गर्दै आएको छ।

# तीन नम्बर पुलको बस्तीमा चल्यो डोजर, स्थानीय आक्रोशित



सिमरा । त्रिभुवन राजपथअन्तर्गत पथलैया–हेटौंडा सडकखण्डको तीन नम्बर पुलस्थित बस्तीमा शुक्रबार बिहान डोजर चलाइएको छ । डिभिजन वन कार्यालय बारा, पर्सा राष्ट्रिय निकुञ्ज र डिभिजन सडक कार्यालय हेटौंडाको संयुक्त टोलीले बस्ती खाली गराउन डोजर प्रयोग गरेको हो। डिभिजन वन कार्यालय बाराका अधिकृत ललनराउत कुर्मीले वन तथा निकुञ्ज क्षेत्र मिचेर निर्माण गरिएका संरचना हटाइएको जानकारी दिए। उनका अनुसार उक्त क्षेत्रमा रहेका ३८ वटा घरटहरा भत्काइने छन् । 'बस्ती खाली गर्न पटक–पटक माइकिङ र लिखित सूचनामार्फत जानकारी गराइएको

(बाँकी पाँच पेजमा)

# सर्भिस लेन र फुटपात खाली गराउन पुगेका नगर प्रहरीमाथि दुर्व्यवहार



सिमरा। बाराको जीतपुरस्थित मुख्य बजार क्षेत्रको सडकमा राखिएका पसल तथा ठेला हटाउन पुगेका नगर प्रहरीमाथि केही व्यापारीले दुर्व्यवहार गरेका छन् । सर्भिस लेन क्षेत्रमा राखिएका ठेला र पसलका सामान हटाउन पुगेका नगर प्रहरीमाथि ब्यापारीले दुर्व्यवहार गरेका हुन् । सडक कब्जा गरेर राखिएका बजार हटाउन थालेपछि केही व्यापारी नगर प्रहरीविरुद्ध आक्रोशित बनेका थिए। सो क्रममा व्यापारीले नगर प्रहरीमाथि हातपातको प्रयास गर्दै मकै पोल्ने तातो खरानी समेत प्रहार गरेका छन् । तातो खरानी प्रहार गर्ने एक व्यापारीलाई नगर प्रहरीले नियन्त्रणमा लिई छाडेको छ । सडकबाट पक्राउ गरी उपमहानगरपालिकाको कार्यालय लगिएका व्यापारीलाई प्रहरीको आग्रहपछि छाडिएको हो। ब्यापारी नियन्त्रणमा लिने क्रममा केहीबेर दुई पक्षबीच घम्साघम्सी समेत भएको थियो । नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली समेत खटिएपछि अहिले स्थिती सामान्य बनेको छ । केही समयअघि पूर्णरुपमा खाली गरिएको सर्भिस लेनमा पुनः व्यापारीहरु फर्किएर पसल र ठेला राख्न थालेपछि स्थिती तनावपूर्ण बनेको हो। नगर प्रहरीको टोली दुई दिन अगाडी पनि उक्त सडक खाली गराउन पुगेको थियो। सो समयमा पनि ब्यापारीले नगर प्रहरीलाई फर्काएका थिए । दुई दिनपछि थप मद्यत लिएर पुगेको नगर प्रहरीले बल प्रयोग गर्दै सर्भिस लेन खाली गराउने काम सुरु गरेको हो । ब्यापारीहरुले सडक कब्जा गरेर सडकमै व्यापार गर्दा बजार क्षेत्र अस्तव्यस्त बन्ने गरेको छ। सर्भिस लेनमा ब्यापार गर्दा यातायात संचालनमा समेत कठिनाई हुँदै आएको छ। व्यापारीले भने आफूहरुलाई उचित व्यवस्थापन गर्न माग गरिरहेका छन्।

# पूर्वमन्त्री राजकुमार गुप्तालाई धरौटीमा छाड्न सर्वोच्चको आदेश



काठमाण्डौ । पोखरा लिच्चिबारी भ्रष्टाचार प्रकरणमा थुनामा रहेका पूर्वमन्त्री राजकुमार गुप्तालाई सर्वोच्च अदालतले धरौटीमा छाड्न आदेश दिएको छ। यसअघि उनलाई विशेष अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । मंगलबार न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको इजलासले उक्त आदेश बदर गर्दै धरौटीमा रिहा गर्न आदेश जारी गरेको हो ।

सर्वोच्च प्रशासनले आदेश बदर भएको अनि धरौटी माग गर्ने आदेश भएको जानकारी वेबसाइटमार्फत गराएको छ। यद्यपि लिखित आदेश भने आउन बाँकी छ । विशेष अदालतले उनको दावीमा

(बाँकी पाँच पेजमा)





वडा समितिको कार्यालय
जीतपुरसिमरा उपमहानगरपालिका
वडा नं २०, कन्चनपुर, बारा



जन्म, मृत्यृ, बसाई सराई ,विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

**जन्म दर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

वडा समितिको कार्यालय
जीतपुरसिमरा उपमहानगरपालिका
वडा नं १२, फतेपुर, बारा